आ.व २०८१/८२

समय-बिहान ८ बजे

स्थान: गाउँकार्यपालिकाको कार्यालय

आज मिति २०८१ माघ ३० गते बुधबारको दिन यस कुम्मायक गाउँपालिकाका अध्यक्ष श्री बंम प्रसाद लावती ज्यूको अध्यक्षतामा कुम्मायक गाउँकार्यपालिकाको बैठक बसि तपशिलको उपस्थितिमा निम्न बमोजिम निर्णय गरियो।

उपस्थिति:

| क्र.सं | नाम थर | पद | हस्त.।र |
|---|---|---|---|
| १ | श्री बंम प्रसाद लावती | अध्यक्ष | |
| २ | श्री महेन्द्र बहादुर खड्का | उपाध्यक्ष | |
| ३ | श्री अमर पौडेल | का.व वडा अध्यक्ष | |
| ४ | श्री वालकृष्ण शेर्मा | सदस्य | |
| ५ | श्री बाबुराम कार्की | सदस्य | |
| ६ | श्री फगेन्द्र कुमार सम्बाहाम्फे | सदस्य | |
| ७ | श्री निर्मल राज घिमिरे | सदस्य | |
| ८ | श्री गंगा देवि बोहोरा | सदस्य | |
| ९ | श्री बेद माया चापागाइ | सदस्य | |
| १० | श्री इन्द्रसरी विश्वकर्मा | सदस्य | |
| ११ | श्री धनमाया तामाङ्ग | सदस्य | |
| १२ | श्री डिक बहादुर दर्जी | सदस्य | |
| १३ | श्री लक्ष्मी नेपाली | सदस्य | |
| १४ | श्री गणेश अधिकारी | सदस्य सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १५ | सागर बस्नेत | प्रशासकीय अधिकृत | |
| १६ | | | |
| १७ | | | |
| १८ | | | |
| १९ | | | |
| २० | | | |
| २१ | | | |
| २२ | | | |
| २३ | | | |

**बैठकका प्रस्तावहरु**

१ अख्तियारी सम्बन्धमा

२ संघीय समपूरक र विशेष आयोजना माग सम्बन्धमा

३ प्रदेश सरकारमा आयोजना माग सम्बन्धमा

४ लिजा स्वीकृत सम्बन्धमा

५ सब बाहान खरिद सम्बन्धमा

६ केदार खड्काको तलब भत्ता सम्बन्धमा

७ भुल्के प्रहरी चौकी जग्गा अधिग्रहण सम्बन्धमा

८ दन्त शिबिर सञ्चालन सम्बन्धमा

९ फोहोर ब्यवस्थापन सम्बन्धमा

१० १५ सैया अस्पताल भवन निर्माणको म्याद थप सम्बन्धमा

११ आयोजनाको निरन्तरताको लागि अनुरोध गर्ने सम्बन्धमा

**निर्णयहरु**

**१ अख्तियारी सम्बन्धमा**

जिल्ला पाँचथर कुम्मायक गाउँपालिकावडा नं ५ बस्ने केदार बहादुर खड्काको वारिस इलाम जिल्ला इलाम नगरपालिका वडा नं ८ बस्ने करुणादेवी भट्टराईले यस गाउँपालिका र पालिकाका प्रमुख प्रशासकीय अधिकृतलाइ संमेत बिपक्षी बनाइ श्री उच्च अदालत विराटनगर, इलाम इजलास इलाममा उत्प्रेषणयुक्त परमादेश जारी गर्न दिएको रिट अनुसार सम्मानित अदालतबाट जारी भएको आदेश सहित लिखित जवाफका लागि १५ दिने म्याद यस पालिकामा मिति २०८१।१०।०७ गते तामेली भएकोमा सोको लिखित जवाफ पेश गर्न कार्यालयको कार्य व्यस्तताको कारण समयमा लिखित जवाफदिन नभ्याएकोले गुज्रेको म्याद थामि दिन लागि निबेदन गर्ने र सो मुद्दाको दुवै पक्षको तर्फबाट अदालतमा उपस्थित हुने, तारेख लिने, वा बहस पैरबी लगायत सो मुद्दासंग सम्बन्धित सबै काम गर्न यस पालिकाका कर्मचारी प्रशासकीय अधिकृत श्री सागर बस्नेतलाइ अख्तियारी दिने निर्णय गरियो ।

**२ संघीय समपूरक र विशेष आयोजना माग सम्बन्धमा:**

आर्थिक वर्ष २०८२।८३ को लागि राष्ट्रिय योजना आयोगको सूचना अनुसार गतेको समपूरक र विशेष अनुदानको लागी निम्न आयोजनाहरु संघ तथा प्रदेशमा माग गर्ने निर्णय गरियो ।

तपशिल

| सि नं | माग गर्ने विषय | आयोजनाको नाम | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | समपूरक अनुदान | कबिलाले-ताम्राखु कार्तिके हातिपोखरी सडक स्तरोन्नती | वडा नं ३ | |
| २ | विशेष अनुदान | सानोछोरुङ्गा-एकुम्बा- लामाटार-मगरडाडा-इलाम चौतारा [illegible] | वडा नं २ | |

२ प्रदेश सरकारमा आयोजना माग सम्बन्धमा

| सि नं | आयोजनाको नाम | वडा नं | कैफियत |
|---|---|---|---|
| १ | सीचाइ पोखरी निर्माण | २ | प्रदेश सिचाइ कार्यालयमा पेश गर्ने |
| २ | चोलुङपार्क सडक कालोपत्रे | ४ | प्रदेश पूर्वाधार विकास कार्यालयमा पेश गर्ने |
| ३ | लोरिपा पिपलबोटे खाल्डे सडक स्तरोन्नती | ५ | प्रदेश पूर्वाधार विकास कार्यालयमा पेश गर्ने |

३ लिजा स्वीकृत सम्बन्धमा

गत आ व को स्थानीय तहको स्वमूल्याङ्कन सम्बन्धम बनेको कार्यबिधि अनुसार संघीय सरकारले तोकेको अनलाइन प्रबिष्ठी गरेकोमा समग्रमा प्राप्त ७७.०० प्रतिशत रहेकोमा (शासकिय ९४.८८, संगठन तथा प्रशासन ७१.८८, वार्षिक बजेट तथा योजना व्यवस्थापन ७७. २७, बितीय एवं आर्थिक व्यवस्थापन ८१.८२, सेवा प्रबाह ९३.७५ न्यायोक सम्पादन ८५.७१ भौतिक पूर्वाधार ५५.७७ सामाजिक समाबेसीकरण ८०.०० वातावरण संरक्षण तथा बिपद् व्यवस्थापन ५५.५६ सहकार्य र समन्वय ६६.६७ प्रतिशत) रहेको निर्णय गरियो ।

४ सब बाहान खरिद सम्बन्धमा

गाउँसभाबाट बिनियोजित सबबाहान खरिद सम्बन्धमा बिनियोजित रकम कार्यान्वयन गर्न यस पालिकामा सञ्चालनमा रहेको कुम्मायक आधारभुत अस्पतालको नाममा खरिद प्रकृया अनुसार प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

५ केदार खड्काको तलब भत्ता सम्बन्धमा

यस पालिकाकामा कार्यारत स्वास्थ्य निरिक्षक केदार बहादुर खड्काको तलब गत आव २०८० चेत्र महिनाबाट जिल्ला अदालत पाँचथरबाट नियमित भुक्तानी हुदै आएको खाताबाट भुक्तानी गर्न नमिल्ने भनी पत्र प्राप्त भएकोले रोक्का रहेकोमा उच्च अदालत बिराटनगर इजलास इलामको अन्तरिम आदेशले पाउने तलबको ५ भागको १ भाग बैङ्कमा रोक्का राखी ४ भाग झिक्न मिल्ने गरी भुक्तानी दिनु भन्ने आदेश भएकोले सो तलब भत्ता गत आ व को समेत स शर्त अनुदानको स्वास्थ्य कर्मिहरुको तलब भत्ता शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

६ भुल्के प्रहरी चौकी जग्गा अधिग्रहण सम्बन्धमा

यसै गाउँपालिका वडा नं ५ मा प्रहरी चौकी स्थापनाको लागि वडा नं ५ बस्ने ओमकान्त निरौलाले आफ्नो नाममा दर्ता भएको साबिक स्याब्रुम्बा ९ (क) कि नं १०७ (हाल कुम्मायक वडा नं ५ ) बाट उत्तर पश्चिम बाटो मुख पहिले ३ ८ ०० जग्गा निशुल्क दिने भनी स्वेच्छिक पत्र पेश गरेकोमा मापदण्ड अनुसार थप जग्गा आवश्यक परेको भनि मौखिक अनुरोध गरेकोमा निजले मिति २०८१।१०।१० गते थप सोहि कित्ताबाट थप ०८०० गरि जम्मा ४००० जग्गा निशुल्क उपलबध गराउने

भनि निबेदन दिएकोले सो जग्गा भुल्के प्रहरी चौकी स्थापनाको लागि प्रहरी चौकिको नाममा अधिग्रहण गरि लिनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**८ दन्त शिबिर सञ्चालन सम्बन्धमा**

गाउँसभाबाट दन्त शिबिर सञ्चालनका लागि बिनियोजित रु १० लाख रुपैयामा लागत साझेदारी गर्ने इच्छुक सेवा प्रदायक संस्थाहरुका लागि मिति २०८१।११।११-१३ गते सम्म कुम्मायक आधारभुत अस्पतालमा सञ्चालन गर्ने गरी सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**९ १५ सैया अस्पताल भवन निर्माणको म्याद थप सम्बन्धमा**

यस पालिकामा निर्माणाधिन १५ सैया अस्पतालको मिति २०७८।०४। २१ मा निर्माण व्यवसयीसंग मिति २०८०।०४।२० मा सम्पन्न गर्ने गरी सौंझता भएकोमा बिभिन्न कारण देखाइ समयमा कार्य सम्पन्न गर्न नसक्ने भनी निबेदन दिएकोमा माग अनुसार पहिलो पटक मिति २०८१ श्रावण मसान्त सम्ममा कार्य सम्पन्न गर्ने गरी मिति २०८१।०४।३० सम्म म्याद थप गरेकोमा सो समयमा पनिः कार्य सम्पन्न नगरेकोले निर्माण व्यवसायीको माग अनसार कार्यपालिकाको मिति २०८१।०४ को निर्णयले ६ महिलन थप गरेकवङ्गँ पुःन काम सम्पन्न बिभिन्न बहाना बनाइ म्याद थपको लागि निबेदन गरेकोले यस कार्यपालिकाबाट समय समयमा अनुगमन गर्दा निर्माण स्थलमा कहिले निर्माण सामाग्री नहुने कहिले कामादारहरु नहुने पछील्लो पटक २०८१ श्रावण देखी कामको गती समेत कमजोर देखिएकोले निर्माण व्यवसायीलाइ सचेत गराउदै पून: म्याद थप नहुने गरी अन्तिम पटकका लागि ३ महिना (२०८२ बैसाख मसान्त सम्म) म्याद थप गर्ने निर्णय गरियो ।